# भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५८ सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## बिमा ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : बिमा ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1006

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बिमा (दोस्रो संशोधन) ऐन, २०५८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. बिमा ऐन, २०४९ को दफा १० मा संशोधन : बिमा ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा १० को,-

(१) उपदफा (३) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिए भए तापनि जीवन बिमाको हकमा समितिले समय समयमा बिमा व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा निर्धारण गरेका मापदण्डहरु पूरा गरेको आधारमा श्री ५ को सरकारको स्वीकृति लिएर व्यवसाय सञ्चालन गर्नको लागि प्रमाणपत्र दिनेछ।"

३. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) जीवन बिमा व्यवसायका लागि कम्तीमा पच्चीस करोड रुपैयाँ र निर्जीवन बिमा व्यवसायका लागि कम्तीमा दश करोड रुपैयाँ चुक्ता पूँजी नभएमा।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को,-

(१) उपदफा (२) मा रहेका "सम्बन्धित बिमितले समितिमा" भन्ने शब्दहरुको सट्टा "वा बिमा दावी क्षतिपूर्ति सम्बन्धमा तोकिएको अवधि भित्र दायित्व निर्धारण नगरेमा वा मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा बिमितले समितिमा तोकिए बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (५) मा रहेका "समितिले तोकेको म्यादभित्र" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ :-

"(६) उपदफा (४) बमोजिम निवेदकले क्षतिपूर्ति पाउने गरी समितिबाट भएको निर्णय विरुद्ध पुनरावेदन परी समितिको निर्णय सदर भएमा शुरु निर्णय भएको मितिदेखि मुद्दाको अन्तिम किनारा भएको मितिसम्मको क्षतिपूर्ति रकममा तोकिए बमोजिमको दरले हुन आउने ब्याज रकम समेत थप गरी सम्बन्धित बिमकले बिमितलाई अविलम्ब भुक्तानी दिनु पर्नेछ ।"

५. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) बिमकले आफूले गरेको बिमा व्यवसायको हिसाब किताबको लेखापरीक्षण प्रचलित कानून बमोजिम मान्यता प्राप्त लेखापरीक्षकद्वारा गराई सोको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दश महिनाभित्र समिति समक्ष पेश गर्नु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा ३५ मा संशोधन : मूल ऐनको दफा ३५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) समितिले आफ्नो आर्थिक कारोबारको हिसाव, किताबको लेखा दुरुस्त राख्नु पर्नेछ। त्यस्तो लेखामा अन्य कुराको अतिरिक्त समितिको काम कारबाहीको वास्तविक स्थिति स्पष्ट हुने गरी आर्थिक कारोबार, प्रत्येक आम्दानी खर्चको विवरण, माल सामानहरुको खरिद, बिक्री र समितिको जायजेथा तथा दायित्वको विस्तृत विवरण खोलिएको हुनु पर्नेछ ।"

७. मूल ऐनमा दफा ३९क. थप : मूल ऐनको दफा ३९ पछि देहायको दफा ३९क. थपिएको छ :-

"३९क. बिमकको लेखापरीक्षण सम्बन्धी विशेष व्यवस्था : (१) बिमकले ऐनको दफा २५ को समयावधिभित्र लेखापरीक्षणको प्रतिवेदन समिति समक्ष पेश नगरेमा वा त्यस्तो प्रतिवेदनबाट बिमा व्यवसायमा अनियमितता भएको पुष्टि हुने मनासिब आधार भएमा वा बिमकले गरेको विमा व्यवसायको हिसाव किताबमा अनियमितता भएको छ भनी समिति समक्ष उजूरी परेमा समितिले बिमकको बिमा व्यवसायको लेखापरीक्षण वा पुन : लेखापरीक्षण गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण वा पुन : लेखापरीक्षण गर्दा गराउँदा लागेको सम्पूर्ण खर्च बिमक स्वयंले व्यहोर्नु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **मूल ऐनको दफा ४७ मा संशोधन** : मूल ऐनको दफा ४७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) यस ऐनको अधीनमा रही समितिले श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियम बनाउन सक्नेछ ।"

मुद्रण विभाग, सिंहदरबार

लालमोहर सदर मिति:- २०५८।१०।१०।४

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।